# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०२।२४ गते

# प्रेस विज्ञप्ति

**विषय: नियन्त्रणमा लिइएको ।**

जिल्ला पाल्पा रैनादेवी छहरा गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष देवेन्द्र पुनले काठ लिलाम तथा निकासी गर्ने कार्यमा सहजीकरण गरिदिने प्रयोजन वापत सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिएको टोलिद्वारा निज जिल्ला पाल्पा रैनादेवी छहरा गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष देवेन्द्र पुनले सेवाग्राहीबाट रु ३,००,०००/- (अक्षेरुपी तिन लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा मिति २०७७/०२/२४ गते जिल्ला रुपन्देही सैनामैना नगरपालिका वडा नं. १० बाट रंगेहात पक्राउ गरी आवश्यक अनुसन्धान भइरहेको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला